**सूचना!** **सूचना !!** **सूचना !!!**

मिति २०७५/०४/०१ गतेको सूचना नं. ०१\०७५\०७६ मा प्रकाशित विज्ञापन अनुसार कटारी नगरपालिकाको लागि नगर प्रहरी पदमा भर्नाको निमित्त कटारी नगरपालिकाको कार्यालयमा दरखास्त दिएका उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षण परिक्षा निम्न तालिका बमोजिम संचालन हुने हुँदा सक्कलै नागरिकताको प्रमाण- पत्र र कटारी नगरपालिकाको कार्यालयबाट उपलब्ध गराईएको प्रवेश-पत्र साथमा लिई परिक्षा शुरु हुन भन्दा १(एक) घण्टा अगावै कटारी न.पा.३ स्थित टाइगर फिल्डमा सम्पर्क राख्न हुन सम्पुर्ण उम्मेदवारहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। संचालित परीक्षाको नतिजा प्रकाशन एवम् अन्य आगामी कार्यक्रमबारे कटारी नगरपालिकाको कार्यालय, ईलाका प्रहरी कार्यालय कटारीमा समेत सूचना टाँस गरिने व्यहोरा जानकारी गराइन्छ।

निम्नः

| विज्ञापन मिति २०७५/०४/०१ | | स्थान | प्रारम्भिक स्वास्थ्य परीक्षण | | | शारिरीक तन्दुरुस्ती परिक्षा | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्तिम दर्ता नं. | परिक्षा संचालन मितिर बार | | समयविहान ०८:०० देखी | | | समय विहान १०:०० देखि | | |
| २३३ | २०७५/१२/१६ गते, शनिबार | टाइगर फिल्ड, कटारी | दर्ता नं. १ देखि | दर्ता नं. २३३ सम्म | जम्मा संख्या ६५ | दर्ता नं. १ देखि | दर्ता नं. २३३ सम्म | जम्मा संख्या ६५ |

- उम्मेदवारहरुलाई शारिरीक तन्दुरुस्ती परिक्षाका लागी आउँदा हाफ पाईन्ट, टि-सर्ट, ट्र्याक सुट, स्पोर्ट सुज ल्याउन हुन।
- शारिरीक तन्दुरुस्ती परिक्षामा सहभागी हुन आउँदा साथमा बहुमुल्य सामानहरु (जस्तै औंठी, सिक्री, मोवाईल सेट) साथमा नल्याउन हुन।
- प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारिरीक तन्दुरुस्ती परिक्षाको नतिजा प्रकाशन भई उत्तीर्ण हुने उम्मेदवारहरुलाई मात्र आगामी हुने बिस्तृत स्वास्थ्य परीक्षण परीक्षामा सामेल गराइने।

**पुनश्चः**-प्रकाशित तालिका बमोजिम परिक्षा संचालन हुन समय नपुगेमा सो दिनको परीक्षा अर्को दिन भोलिपल्ट हुने।

**मिति २०७५/१२/०८ गते।**

**नगर प्रहरी भर्ना छनौट समिति**
**कटारी नगरपालिकाको कार्यालय**
**कटारी, उदयपुर**

# कटारी नगरपालिका

# नगर प्रहरी छनौट समिति

## नगर प्रहरी पदको पाठ्यक्रम

### परीक्षाको किसिम

| क्र.सं. | चरण | विवरण | पुर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | शारीरिक तन्दुरुस्ती परीक्षण परिक्षा | १०० | ४० |
| २. | दोस्रो चरण | विस्तृत स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| ३. | तेस्रो चरण | लिखित परीक्षा | १०० | ४० |
| ४. | चौथो चरण | अन्तर्वार्ता परीक्षा | २० | - |

### १. प्रथम चरण

प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा

- प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षामा अयोग्य हुने अवस्थाहरु

१. अंगभंग \ कुरुप देखिने

२. हातकुट्टा बाङ्गो-टिङ्गो र औंलाहरु ठिक नभएको

३. घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (K2 र K2) भन्दा माथिको ।

४. धेरै चेप्टो पैताला भएको (भालु पाईले)

५. प्रष्ट बोली नभएको \ भकभके

६. लठ्यौरो

७. ढाड कुप्रो भएको

८. शरीर पुरा झुकाउन नसक्ने

९. जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको)

१०. दुवी भएको

११. कपाल झरेको, फुलेको वा रंगाएको

१२. लुरे (उचाई अनुसार अत्यधिक दुब्लो) कम्तीमा ५० के.जी. पुरुष र ४२ के.जी. महिला

१३. आँखा डेढो भएको

१४. कुनै एक आँखा चिम्लन नसक्ने

१५. उचाई अनुसार हुनु पर्ने तौल भन्दा अत्यधिक बढी तौल भएको

१६. शरीर मोटो तर हात खुट्टा झिनो देखिने

१७. अनुहारमा अस्वाभाविक दागहरु भएको

१८. शरीरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको

१९. २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको

२०. भेरिकोच वा नशा फुल्ने भएको

शारीरिक तन्दुरुस्ती परीक्षा

| ईभेन्ट्सको नाम | पुर्णाङ्क | उत्तीर्णाङ्क | उच्चतम तथा न्यूनतम समय सीमा | |
|---|---|---|---|---|
| | | | पुरुषको लागि (उच्चतम तथा न्यूनतम) | महिलाको लागि (उच्चतम तथा न्यूनतम) |
| २०० मिटर दौड | ३०.०० | १२.०० | ३० सेकेण्ड-४० सेकेण्ड | ४५ सेकेण्ड-६० सेकेण्ड |
| १५०० मिटर दौड | ४०.०० | १६.०० | १४ मिनेट-१८ मिनेट सम्म | १८ मिनेट-२२ मिनेट सम्म |
| सिट अप | १५.०० | ६.०० | २० पटक-१२ पटक सम्म | १५ पटक- ५ पटक सम्म |
| पुस अप | १५.०० | ६.०० | २० पटक- १० पटक सम्म | १४ पटक- ४ पटक सम्म |
| कुल जम्मा | १०० | ४० | - | - |

नोट:- कुनै पनि ईभेन्ट्मा अनुत्तिर्ण हुने उम्मेदवारहरुलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराइने छैन ।

## २. <u>दोस्रो चरण</u>

विस्तृत स्वास्थ्य परीक्षण परीक्षा

- कटारी अस्पतालको मेडिकल टिमले लिने ।
- मुटुको धड्कन
- ब्लड प्रेशर

➢ अन्य शारीरिक परीक्षण

## ३. तेस्रो चरण

### लिखित परीक्षा योजना

| खण्ड | विषय | अंक भार | पुर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|---|
| क | नेपाली रचना | २० | १०० | ४० | विषयगत | नेपाली लेखन<br>(२ प्रश्न*७.५ अंक = १५)<br>नेपाली व्याकरण<br>(५ प्रश्न*१ अंक = ५) | २ घण्टा |
| ख | अंग्रेजी | १५ | | | | (३ प्रश्न*२ अंक=६)<br>(३ प्रश्न*३ अंक=९) | |
| ग | गणित | २५ | | | | (५ प्रश्न*२ अंक = १०)<br>(५ प्रश्न*३ अंक=१५) | |
| घ | सामान्य ज्ञान र बौध्दिक परीक्षा(आई.क्यु.) | ४० | | | वस्तुगत: बहुबैकल्पिक प्रश्न | सामान्य ज्ञान<br>(३० प्रश्न*१ अंक=३०)<br>बौध्दिक परीक्षा (आई.क्यु.)<br>(१० प्रश्न*१ अंक=१०) | |

### लिखित परीक्षाको पाठ्यक्रम

पुर्णाङ्क १००
उत्तीर्णाङ्क ४०

समय: २ घण्टा

### खण्ड "क" नेपाली - २० अङ्क

१. नेपाली लेखनलामो उत्तर (२ प्रश्न*७.५ अङ्क=१५)

(क) राष्ट्रिय गान

(ख) निबन्ध लेखन

(ग) चिट्ठी लेखन

(घ)	निवेदन

२.	नेपाली व्याकरण छोटो उत्तर (५ प्रश्न*१ अंक=५)

(क)	सामान्य नेपाली व्याकरण (काल, नाम, सर्वनाम) सम्बन्धी सामान्य जानकारी

(ख)	शब्दार्थ - (प्रचलित नेपाली शब्दको अर्थ)

(ग)	वाक्यमा प्रयोग - (प्रचलित शब्दको वाक्यमा प्रयोग)

(घ)	विपरीतार्थक शब्द - (प्रचलित शब्दको विपरीत अर्थ)

(ङ)	शुध्द लेखन - (अशुध्द गरी लेखिएको वाक्यलाई शुध्द गरी लेख्ने)

## खण्ड "ख" अंग्रेजी- १५ अंक

1.	Group 'A'(३ प्रश्न*२ अंक=६)

Basic skill and knowledge in English.

a.	Simple sentence translation (English to Nepali and Nepali to English)

b.	Fill in the blank (article, preposition, adjective, verbs, adverbs)

2.	Group 'B' (३ प्रश्न*३ अंक=९)

a.	Simple sentence making

b.	Word Meaning

c.	Matching different words according to their suitable words/groups.

## खण्ड "ग" गणित-२५ अङ्क

१.	प्रथम खण्ड(५ प्रश्न*२ अंक=१०)

(क)	जोड

(ख)	घटाउ

(ग)	भाग

(घ)	गुणन

(ङ)	अंक र अक्षरमा लेखन

२.	व्दितीय खण्ड(५ प्रश्न*३ अंक =१५)

(क)	प्रतिशत

(ख)	सरलीकरण

(ग)	ऐकिक नियम

(घ)	नाफा, नोक्सान र साधारण व्याज

## खण्ड "घ" सामान्य ज्ञान तथा बौध्दिक परीक्षण - ४० अंक

(अ)	सामान्य ज्ञान

(क)	नेपालको ऐतिहासिक सम्बन्धी सामान्य जानकारी

ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु ।

किराँत, लिच्छवी, मल्ल र नेपालको आधुनिक इतिहास ।

(ख) नेपालको भूगोल सम्बन्धी ज्ञान

क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक विभाजन ।

नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन ।

नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ्ग र झरनाहरु ।

नेपालमा पाइने बन तथा बनस्पति

संरक्षित जनावर तथा जडिबुटी ।

नेपालका राष्ट्रिय निकुन्ज तथा संरक्षित क्षेत्र ।

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाती र जनसंख्या सम्बन्धी ज्ञान

(घ) नेपालको वर्तमान संविधान- (जारी मिति, भाग\धारा र अनुसूची संख्या)

(ङ) नगर पालिका, नगर प्रहरी सम्बन्धी सामान्य जानकारी

नगर पालिकाको कार्यालयहरु सम्बन्धी ।

नेपाल प्रहरी, नगर प्रहरीको दर्जा सम्बन्धी ।

नगर प्रहरीको काम, कर्तव्य सम्बन्धी, नगर प्रहरीको आचरण सम्बन्धी र नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता ।

सिध्दिचरण राजमार्ग, कटारी नगरपालिका अन्तर्गतका सहायक मार्गहरु, फुटपाथ पसल, हाट बजार लाग्ने स्थल, पशु बधशाला, गाडी पार्किङ्ग स्थल सम्बन्धी ।

(च) महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाहरु जस्तै: आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद र मानव अधिकार ।

(आ) बौध्दिक परीक्षण (आई.क्यू.) (१० प्रश्न*१ अंक=१०)

शाब्दिक तथा शाब्दिक अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ-डिकोडिङ, मिल्दो नमिल्दो छुट्ट्याउने, दिशा र दुरी ज्ञान सम्बन्धी परीक्षण

## ४. <u>चौथो चरण</u>

अन्तर्वार्ता परीक्षा

- नगर प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिध्दान्त बमोजिम हुने ।

# समाप्त